# एनएमबि बैंक लिमिटेड कोष प्रवर्द्धक तथा
# एनएमबि क्यापिटल लिमिटेड योजना व्यवस्थापक रहेको

# एनएमबि म्युचुअल फण्ड

अन्तर्गत सञ्चालित

# एनएमबि सुलभ इन्भेष्टमेन्ट फण्ड - १

को

## नगद लाभांश वितरण सम्बन्धी सूचना

एनएमबि बैंक कोष प्रवर्धक रही एनएमबि म्युचुअल फण्ड अन्तर्गत संचालित एनएमबि सुलभ ईन्भेष्टमेण्ट फण्ड-१ (NMB Sulav Investment Fund-I) ले आर्थिक बर्ष २०७२/७३ को लागि योजनाको इकाईधनीहरूलाई २० प्रतिशत (कर सहित) का दरले योजनाको प्रतिफल वितरण गर्ने निर्णय गरेबमोजिम उक्त नगद लाभांश **मिति २०७३/०६/१९ गतेदेखि** ईकाईधनी स्वयंको खातामा रहेको बैंकमा जम्मा/वितरण गरिने भएको व्यहोरा सम्बधित सबै ईकाईधनीहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

यस कम्पनीबाट नगद लाभांश वितरणको लागि खाता नं. उपलब्ध गराउने सम्बन्धी मिति २०७३/०६/११ गते कारोबार दैनिकमा प्रकाशित सूचना बमोजिम यस कम्पनी तथा एनएमबि बैंक लिमिटेडको शाखा कार्यालयमा प्राप्त भएका निवेदन तथा केही ईकाईधनीहरूले अनलाईन मार्फत समेत दिएको निवेदनको आधारमा निम्नानुसार वितरण गर्ने व्यवस्था मिलाईएको व्यहोरा जानकारी गराउँदछौं ।

क) मिति २०७३/०६/१७ गतेसम्म यस कम्पनी वा एनएमबि बैकमा निवेदन दिई खाता नं. उपलब्ध गराउनु भएका ईकाईधनीहरूलाई मिति २०७३/०६/१९ गते निजहरूले उपलब्ध गराएको बैंक खातामा नगद लाभांश जम्मा गर्ने व्यवस्था गरिने ।

ख) यस योजनाको प्राथमिक निष्काशनको आवेदनमा एनएमबि बैंकको खाता नं. उल्लेख गर्नुहुने ईकाईधनीहरूलाई निजहरूको खातामा जम्मा गर्ने व्यवस्था गरिने ।

ग) मिति २०७३/०६/१७ गते पश्चात आवेदन दिनुहुने आवेदकहरूको विजयादशमी पछि कार्यालय खुले पश्चातमात्र जम्मा गर्ने व्यवस्था मिलाईने ।

घ) ईकाईधनीहरूले आफ्नो बैंक खाता समेत रूजु गर्नुहुन र खाता नं. वा नाम फरक परी लाभांश रकम जम्मा हुन नसकेमा सो को जानकारी यस कम्पनी वा एनएमबि बैंकमा गराउनु हुन ।

ङ) नेपाल धितोपत्र बोर्डको निर्देशानुसार नगद लाभांश बैंक खातामा जम्मा गरिने भएकाले निवेदन दिन बाँकी ईकाईधनीहरूले समेत यथाशिघ्र निवेदन दिनु भई नगद लाभांश प्राप्त गर्नुहुन ।

च) एनएमबि बैंकमा खाता हुने ईकाईधनीहरूका लागि अनलाईनबाट समेत आवेदन गर्न सकिने व्यवस्था मिलाईएकोले www.nmbbank.com.np मा लगईन गरी अनलाईन मार्फत पनि निवेदन दिन सकिनेछ ।

छ) ईकाईधनीहरूको बैंक खातामा रकम जम्मा गर्दा NCHL-IPS बाट कुनै शुल्क लाग्ने भएमा सो शुल्क ईकाईधनीको खाताबाट कट्टा हुनेछ ।

ज) माथि उल्लेख गरिएदेखि बाहेक थप केही कुरा बुझ्नु परेमा एनएमबि क्यापिटल लिमिटेडमा सम्पर्क गर्नुहुन समेत अनुरोध छ ।

**नोट**: खाता नं. उपलब्ध गराउने सम्बन्धी विस्तृत जानकारी प्राप्त गर्नका लागि मिति २०७३/०६/११ गते कारोबार दैनिक पत्रिका वा यस कम्पनी वा एनएमबि बैंकको वेवसाइटमा हेर्न सकिनेछ ।

**योजना व्यवस्थापक/डिपोजिटरी**

NMB CAPITAL
LIMITED

**एनएमबि क्यापिटल लिमिटेड**

नागपोखरी, काठमाडौं, नेपाल, फोन नं. ४४३७९६३, फ्याक्स नं. ४४३७९६०

E-mail: info@nmbcl.com.np Url: www.nmbcapital.com.np